bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६०९०७
Email : bhanjyangdml@gmail.com

वर्ष ४० अंक ८३ | २०७८ साउन ०३ गते आइतबार, नेपाल सम्वत् ११४१ July 18, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**सडक भासिएपछि एकतर्फी सञ्चालन** : पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी-मुग्लिन खण्डको आँबुखैरेनी-४ पावर हाउस नजिक शनिबार बिहान भासिएको सडक । सडक भासिएपछि राजमार्ग एकतर्फी सञ्चालनमा ल्याइएको छ ।
*तस्विर सौजन्य : जिल्ला प्रहरी कार्यालय तनहुँ/भञ्ज्याङ*

## तनहुँमा खोप अभियान : २१ घण्टा पैदल हिँडेर गाउँमा खोप

**भञ्ज्याङ समाचारदाता**/दमौली

कर्णालीको पहिचान पाएको तनहुँको दुर्गम क्षेत्र कोटा, बैदी, छिपछिपेका बासिन्दाले सधै सास्थि झेल्नुपरेको छ । आधारभूत आवश्यकाता समेत सहज रूपमा उपभोग गर्न नपाएका यस क्षेत्रका बासिन्दालाई अहिले बाढीपहिरोले थप दु:ख दिएको छ ।

अहिले सरकारले मुलुकभर कोरोना विरूद्धको खोप अभियान चलाएको छ । तनहुँमा पनि ५५ वर्ष माथिका र शिक्षक, सार्वजनिक यातायातका चालक तथा सहचालकहरूलाई खोप अभियान चलाइरहेको छ । सरकारले उपलब्ध गराएको खोप सहज रूपमा उपलब्ध गराउन तनहुँका ग्रामीण क्षेत्रमा घण्टौ हिडेर खोप पुऱ्याउनुपर्ने बाँध्यता छ । ठाउँठाउँमा गएको पहिरोका कारण सावरी साधन चल्न नसक्दा कोरोना विरूद्धको खोप अभियान सञ्चालनमा समेत असहज भएको देवघाट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रदीप बुढाथोकीले बताए। उनले भने, 'देवघाट-२ बैदी र वडा-३ छिपछिपेमा १८ देखि २० घण्टा हिडेर कोरोना भाइरस विरूद्धको खोप पुऱ्याउनु परेको छ ।'



तनहुँको देवघाट गाउँपालिकाका २६ वर्षीय बाबुराजा मल्ल दमौलीबाट कोरोना विरूद्धको खोप बोकेर बैदी तर्फ जाने तयारी गर्दै । *तस्विर : भञ्ज्याङ*

देवघाट गाउँपालिका-२ बैदीका २६ वर्षीय बाबुराजा मल्ल गाउँगाउँमा कोरोना विरूद्धको खोप पुऱ्याउने अभियानमा जुटेका छन्। गाउँपालिकामा कार्यालय सहयोगीको

*बाँकी अन्तिम पेजमा*

## शुक्लागण्डकी निती, कार्यक्रम : १ अर्ब २८ करोड ४९ लाख बजेट पारित

**भञ्ज्याङ समाचारदाता**/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिकाले आर्थिक बर्ष २०७८/०७९ का लागि ल्याएको नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ । नवौ नगरसभामा प्रस्तुत गरिएको नीति, कार्यक्रम तथा बजेट पारित भएको हो । चालु आर्थिक बर्षका लागि शुक्लागण्डकीले १ अर्ब २८ करोड ४९ लाख २९ हजार १ सय रूपैयाँको बजेट पारित गरेको छ । आर्थिक बर्ष २०७७/०७८ को तुलनामा ५ करोड ९९ लाख ४२ हजार ९ सय १४ रूपैयाँले बढी बजेट ल्याईएको हो । अघिल्लो बर्ष १ अर्ब २२ करोड ४९ लाख ८६ हजार १ सय ८६ रूपैयाँको बजेट सार्वजनिक भएको थियो ।

चालु बर्षमा सबैभन्दा बढी बजेट पूर्वाधार बिकासलाई विनियोजन गरिएको छ । नगर उपप्रमुख सविता रसाईलीले नगरसभामा प्रस्तुत गरेको बजेटमा पूर्वाधार बिकासलाई मात्र १७ करोड रूपैयाँ विनियोजन भएको छ। पूर्वाधार विकासमा विनियोजन भएको रकम गत बर्षको तुलनामा कम रहेको छ। गतबर्ष पूर्वाधार बिकास शिर्षकमा २० करोड ९४ लाख रूपैयाँ विनियोजन भएको थियो ।

सामाजिक बिकासतर्फ ८ करोड ३० लाख ४ हजार १ सय रूपैयाँ बजेट छुट्याएको रसाईलीले बताईन् । आर्थिक विकासमा २ करोड ७५ लाख ३५ हजार रूपैयाँ, वातावरण तथा विपद्मा २ करोड ४२ लाख ५० हजार रूपैयाँ, सुशासन तथा संस्थागत बिकासमा १ करोड ३६ लाख रूपैयाँ, चालु पुँजीगतमा १२ करोड ३६ लाख रूपैयाँ, प्रदेश समपुरकमा २ करोड रूपैयाँ, वडागत सिलिङमा १० करोड ८७ लाख रूपैयाँ, क्रमागत अल्या योजनामा ९ करोड ३४ लाख ४० हजार रूपैयाँ विनियोजन गरिएको छ ।




गरिबसंग विश्वेश्वर कार्यक्रमका लागि ५ लाख, सशर्त अनुदानमा ३८ करोड ४३ लाख रूपैयाँ, सडक बोर्डमा ६० लाख रूपैयाँ, जनसहभागिताका लागि ५ करोड रूपैयाँ र सामाजिक सुरक्षा शिर्षकमा १८ करोड रूपैयाँ विनियोजन भएको उपप्रमुख रसाईलीले जानकारी दिईन्।

आम्दानीतर्फ संघ सरकारको समानिकरण अनुदानमा १५ करोड ४७ लाख रूपैयाँ, राजस्व बाँडफाँडमा १० करोड ३९ लाख २३ हजार रूपैयाँ, शशर्त अनुदानमा ३८ करोड ४३ लाख रूपैयाँ, प्रदेश सरकारको समानिकरण अनुदानमा १ करोड ८८ लाख ३८ हजार रूपैयाँ, राजस्व बाँडफाडमा १ करोड ३७ लाख १९ हजार रूपैयाँ, समपुरक अनुदानमा २ करोड रूपैयाँ अनुमान गरिएको छ ।

यस्तै, आन्तरिक आम्दानी १९ करोड ९१ लाख ५९ हजार १ सय रूपैयाँ हुने प्रक्षेपण गरिएको छ । अल्या ४ करोड रूपैयाँ, सामाजिक सुरक्षा भत्ता १८ करोड रूपैयाँ, क्रमागत अल्या गरिएको योजना ९ करोड ३४ लाख ४० हजार रूपैयाँ, सडकबोर्ड ६० लाख रूपैयाँ, घरजग्गा रजिष्ट्रेशन शुल्क २ करोड रूपैयाँ, वनबाट ३ लाख ५० हजार रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । पक्की नाल, कालोपत्रे, कल्भर्ट निर्माणमा जनसहभागिताबाट ५ करोड आम्दानी हुने जनाईएको छ।

गत असार १० गते सुरू भएको नवौ नगरसभा शोक प्रस्ताव पारित गरेर स्थगति भएको थियो। संवैधानिक व्यवस्था अनुसार बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि डाकिएको नगरसभा वडा नम्बर ६ का वडा सदस्य श्रीबहादुर थापाको निधनमा शोक प्रस्ताव पारित गर्दै नगरसभा स्थगित भएको थियो । नगरसभामा प्रस्तुत नगरिएपनि नगरसभा सदस्यलाई बजेट, नीति तथा कार्यक्रमको प्रति उपलब्ध गराई सार्वजनिक गरिएको थियो ।

बजेट, नीति तथा कार्यक्रमको अध्ययन गरी नगरसभा सदस्यले विहीबार सुझाव दिएका थिए । विहीबार नै पारित गरेको नगर प्रमुख किसान गुरूङले जानकारी दिए ।

नगरसभामा प्रमुख गुरूङले पेश गरेको विनियोजन विधेयक २०७८, आर्थिक ऐन २०७८ संगै स्थानीय तह कर्मचारी व्यवस्थापन ऐन, न्यायिक समितिको कार्यविधि व्यवस्थित गर्ने ऐन र अनुगमन समिति सञ्चालन कार्यविधी ऐन सर्वसम्मत पारित भएको नगरप्रवक्ता खिमबहादुर कुमालले जानकारी दिए ।

कोभिड नियन्त्रणमा खटिएको फ्रन्टलाईनर स्वास्थ्यकर्मीलाई जोखिम भत्ता उपलब्ध गराउने नीति समेत पारित भएको कुमालले बताए । शुक्लागण्डकी नगरपालिकाका जनप्रतिनिधीले आफ्नो कार्यकालको अन्तिम नीति तथा कार्यक्रम, कृषी, पर्यटन, पूर्वाधार, कोरोना नियन्त्रणलाई मध्यजनर गरेर बनाएका छन् ।

## डुम्रेमा नागरिक आरोग्य सेवा केन्द्र

**भञ्ज्याङ समाचारदाता**/डुम्रे

तनहुँको बन्दिपुर गाउँपालिका-१ डुम्रेमा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ ।




गण्डकी प्रदेश सरकार स्वास्थ तथा जनसंख्या मन्त्रालय, स्वास्थ निर्देशनालय र जिल्ला आयुर्वेद स्वास्थ केन्द्र तनहुँ अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्रको स्थापना गरिएको हो ।

सेवा केन्द्रको शुभारम्भ गर्दै बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले आरोग्य सेवाकेन्द्रको भूमिका महत्वपूर्ण रहने भन्दै यसका लागि प्रचार-प्रसार हुन जरूरी रहेको बताए । उनले आम नागरिकलाई आरोग्य सेवा केन्द्रबाट सेवा लिन आग्रह गरे ।

कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष करूणा गुरूङले आरोग्य सेवा केन्द्रले दिने नि:शुल्क सेवा बारे जनतालाई सुसूचित गराउन आवश्यक रहेको चर्चा गरिन।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँका प्रमुख डा. राम प्रबोध मण्डलको सभापतित्वमा आयोजि कार्यक्रममा बन्दिपुरका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदी, वडा नं. १ का वडाअध्यक्ष भानुभक्त पोखेल, माओबादी केन्द्रका नेता जीवन कायस्थ, हरिहर आमा समूहकी अध्यक्ष सरिता पिया, तनहुँका वरिष्ठ कविराज निरीक्षक बलभद्र वाग्ले लगायतले आरोग्य सेवा केन्द्र डुम्रेमा स्थापना हुनु अत्यन्तै खुशीको कुरो भएकाले डुम्रे आसपासका जनताका साथै गोरखा र लमजुङका जनतालाई सेवा लिन सहज हुने विश्वास व्यक्त गरे ।

# ग्रीन कार्ड भएको केटासंग बिहे नगरेको भए...

गहिरो निन्द्राबाट भर्खरैमात्रै ब्युँझिएको जस्तो महसुस भएको छ । वरिपरिका दृष्यहरु सबै धमिला छन्। मुखमा अक्सिजनको पाइप लगाइएको छ। हातमा स्लाइनपानी र शरीरभरि प्लास्टरले बेरिएको छ । यसो हात खुट्टा चलाउँछु, बडो मुस्किलले चल्छ। सम्पूर्ण शरीर बेस्सरी दुखिरहेको छ, उठ्ने कोसिस गर्छु। चल्न चटपटाउन पनि सक्दिनँ। मुख खङ्ग्रङ सुकेको छ, बिस्तारै वरिपरि आँखा घुमाउँछु, कोठामा मैजस्ता अरु पनि धेरै बिरामी छन् । ती सबै देख्दा म अस्पतालमा रहेछु भन्ने लाग्छ । तर कहिलेदेखि र के कारणले यो अवस्थामा यहाँ छु भन्ने कुरा मेरो सम्झनामा आउँदैनन्, शायद अझै पनि म स्मृति शून्य नै छु! भित्रदेखि डाहा भएर होला, अचानक मेरो मुखबाट 'पानी' भन्ने शब्द निस्कन्छ ! मेरै आवाज सुनेर हुनुपर्छ शायद, एक जना नर्स दौडेर आउँछिन् र खुब आश्चर्यपूर्वक मलाई हेर्छिन्, 'आम्मै तपाईंलाई होस् आयो! कति लामो समय लाग्यो तपाईंको होस आउन पनि !'

उनले स्नेहपूर्वक दुई चम्चा पानीले मेरो ओठ भिजाई दिन्छिन्, 'डाक्टरलाई नसोधी धेरै पानी पनि पिउन दिन हुन्न तपाईंलाई, एक छिन पख्नोस् है म डाक्टर बोलाँउछु' भनेर उनी फेरि दौडिन्छिन्। केहीबेरपछि नै केही डाक्टरहरु आउँछन् र भन्छन्, 'धेरै दिनको कोमाबाट बल्ल होसमा आउनु भयो! अहिले कस्तो छ तपाईंलाई ?' म ठिकै छ भन्ने कोसिस गर्छु, तर आवाज निस्किँदैन त्यसैले मुन्टो मात्र हल्लाँउछु। त्यसपछि डाक्टर फेरि भन्छन्, 'हेर्नुस् तपाईंको जिउभरि गहिरा घाउचोट छन्, पहिला तपाईंको होस नआएर चिन्ता थियो! अब भने तपाई बिस्तारै खतरामुक्त हुँदै जानु हुनेछ ।' यति भने पछि उनीहरुले मेरो हात खुट्टा चलाउन लगाउँछन्, सकिनसकी चलाउँछु । अनि फेरि डाक्टर भन्छन्, 'ल ठिकै छ.. तपाईंको आमा र भाई पनि बाहिर कुनै होटेलतिर सुत्नु भएको होला, अहिले त धेरै ढिला भैसक्यो, भोली तपाईंको उहाँहरुसँग पनि भेट हुन्छ, अनि सबै कुरा थाहा पनि पाउनु हुनेछ, अहिले आराम गर्नुस् !' यति भनेर उनीहरु सबै जना फर्किन्छन्।

मेरो त्यो नाजुक शारीरिक अवस्था र 'तपाईंको जिउभरि गहिरा घाउचोटहरु छन' ! भन्ने डाक्टरका ती भनाइले म आश्चर्यमा पर्छु र मेरो मनमा अनगिन्ती प्रश्नहरु पनि खडा हुन्छन् । यतिका घाउ चोटपटकहरु कसरी भए होलान् ? भन्ने गहिरो कौतुहलता पैदा हुन्छ । मस्तिष्कमा केही दबाब दिएर सम्झन खोज्छु, तर मेरो स्मृतिपटल नै शून्य भएजस्तो लाग्छ । त्यही शून्यताको पृष्ठभूमिबाट अनगिन्ती मानसिक तरंगहरुले रातभरि नै बेचैन पारिरहन्छन् । तर मेरो चेतन अस्तित्व यथार्थको छेउछाउसम्म पनि पुग्न सक्दैन। कठोर शारीरिक पीडामाथि थपिएको त्यो मानसिक छटपटीले खुब विचलित पार्छ र रातभरि एक झप्का पनि निन्द्रा पर्दैन ! केवल आमा र भाइको प्रतीक्षामा मन ज्यादै अधैर्य हुन्छ । यसै क्रममा, जिन्दगीले कसरी अकस्मात रङ बदल्दो रहेछ भन्ने सोचेर अचम्म लाग्छ । सुदूर अतीत देखिएका घटनाहरु बग्रेल्ती दिमागमा आउँछन् । नियतिले कोरेको बाटोमा कसरी हिँड्न बाध्य हुँदोरहेछ मान्छे भन्ने कुराले निकै मर्माहत बनाउँछ । मेरो बिहे भएदेखि अहिलेको यो मृत्युशय्यामा छटपटिरहेको बेलासम्म, जीवनको कठोर उतारचढाव र समयको निर्ममताको पीडादायी अनुभूतिले निकै भावुक हुन्छु । शायद मैले विवाह नगरेको भए म यो मरणासन्न हुने स्थितिसम्म त पुग्ने थिइनँ कि भन्ने सोचेर मन भक्कानियो ।

भोलिपल्ट बिहान करिब ८ बजेतिर एक जना नर्ससँगै आमा मलाई भेट्न आउनु भएको रहेछ । मैलो कपडा, जखक्क लट्टा परेका कपाल र कान्तिहीन थकित अनुहार ! आमाको त्यो अवस्था देखेर टिलपिलाएका मेरा आँखा र कारुणिक शारीरिक अवस्था देखेर आमा पनि भाव विह्वल हुनुभयो। असिम वात्सल्यपूर्ण हातले मेरा गाला सुमसुम्याउँदै खुब कोक्किएर रुनु भयो । हामी दुबै असैह्य पीडा मिश्रित खुसीले एकछिन निःशब्द भयौं र कोठाको वातावरण पनि एकाएक वेदनामय बन्दै गयो । त्यो देखेर नर्सले भनिन्, 'यतिका दिनपछि बल्लतल्ल होसमा आएको बिरामीलाई दिमागमा चोट पऱ्यो भने खतरा हुन सक्छ । यस्तो कुरा नगर्नुस्, बरु पछि भेट्नुहोला, अहिले हिँड्नुस् ।' त्यसपछि आमा सम्हालिएझैं गरी अवरुद्ध आवाजमा भन्नुभयो, 'नानी ! भगवान साक्षातका रहेछन् । हाम्रो ममताको निभिसकेको दीयो उनले फेरि जगाइदिए। सत्यनास होस्, तिमीलाई यो हालतमा पुऱ्याउने त्यो असत्तिको ...धन्न तिमी बाच्यौ छोरी ! तिमीलाई केही भएको भए...' आमाका शब्दमा अपार वेदना पोखिएका थिए । त्यही बेला मैले दबेको आवाजमा सोधें, 'को असत्ति आमा ? के गऱ्यो र त्यसले ....।' 'त्यही तिमीलाई काट्ने पापिष्ट ! सबैले डाँका भन्छन्... अझै राम्ररी थाहा भएको छैन छोरी, पुलिसले खोज्दैछ रे ....' आमाका गला अझै अवरुद्ध नै थिए । 'ल भयो अब त...' भन्दै नर्सले आमाको हात समाएर बाहिर लगिन् । आमा भने अझै सुक्कसुक्क गर्दै हुनुहुन्थ्यो । मेरो दयनीय हालतमा चिराचिरा परेर आहत भएको मातृवात्सल्यले धेरै बेरसम्म हिक्क हिक्क पारेको थियो उहाँलाई ।

आमाका शब्दमा त्यो 'पापिष्ट डाँका' को मेरो सजीव अस्तित्वसँग वैमनश्यता के हुन सक्छ? भन्ने प्रश्नमा अझै गहिरिँदै गएँ। जिन्दगीलाई केस्राकेस्रा पारेर केलाउँदा पनि मेरो स्मृतिपटलमा त्यो घटना कसै गेरर पनि समेटिएन। तर निकै बेरको प्रयासपछि एउटा घटनाको धमिलो चित्रले भने झसंग पाऱ्यो । त्यो रात करिब १० बजेतिर म मोबाइलमा विशाल सरसँग कुरा गर्दै थिएँ। कसैले अचानक जोडले मेरो कोठाको ढोका खोल्यो र अकस्मात् मेरो कोठामा प्रवेश गरेर मलाई कुनै कालो कपडाले झ्याप्प रुछोप्यो। त्यसभन्दा पछि के भयो ? भन्ने कुरा लाखौं प्रयास गर्दा मेरो पनि सम्झनामा आएन।



रविन्द्र केसी

**आफ्नो छोराले मप्रति गरेको चरम उत्पीडन र तिरस्कार नाजायज लागेन, तर मेरो निस्वार्थ बोलीचाली, हाँसो र लवाईखवाईलाई अपराध देख्नुभयो। उहाँको त्यही विभेदकारी एवं कलुषित मानसिकता, अहंकार आधारहीन शंका र कुण्ठाको सिकार भएँ म! हुर्केकी छोरीलाई माइतीको कसिङ्गर ठान्ने, अनि ग्रीनकार्ड र पिआर देखेपछि जस्तो सुकै केटालाई पनि आँखा चिम्लेर छोरी जिम्मा लगाइदिने समाजको प्रवृत्तिप्रति घृणा लागेर आयो।**

तर आमाले भनेको कुरा र मैले व्यहोरेको त्यो घटनाको कतै एउटै त थिएन ? भन्ने बारेमा केही आशंका भने मनमा उब्जिए। तर कसले ? किन? र केका लागि ? त्यसरी सांघातिक आक्रमण गऱ्यो होला भन्ने प्रश्न भने अनुत्तरित नै रहे । अस्पतालको त्यो बसाइमा मन अत्यन्त अस्थिर र विस्मित छ ! यस्तै अवस्थामा माइतीबाट भाइ भेट्न आएको रहेछ। ऊ उमेरमा मभन्दा केवल २ वर्षमात्र कान्छो थियो । हामी साना–साना कुरामा पनि खुब झगडा गर्दथ्यौं र एकैछिनमा माया पनि गर्दथ्यौं ! हुन त समान खाले उमेरका सबै केटाकटीहरु यसरी नै हुर्कन्छन् होला। तर मलाई लाग्छ हामीहरु अरुभन्दा अलि बढ्ता नै झगडालु र मायालु समेत थियौं । मेरो हालत देखेर निमेषभरमै भाइका आँखा निथ्रुक्क भिज्छन् । भावुकतामा डुबेका हामी दुबैका मुखबाट केहीबेर कुनै शब्द निस्कँदैनन्, बडो मुस्किलले त्यो मौनता तोडेर उसले गहभरि आँसु पार्दै भन्छ, 'मर्छेस् जस्तो लागेको थियो । हामीले त आशै मारिसकेका थियौं धन्न बाँचिस् ।' आँसु आँखाको डिलसम्मै आए र छताछुल्ल भएर पोखिए । स्नेहले अवरुद्ध भएको गलाले भनें, 'हो र.. मलाई त केही पनि थाहा छैन बाबु...।' केहीबेरको कुराकानीमा उसले आमाले भनेकै कुरा दोहोऱ्यायो । फेरि आउँछु भन्दै भारी मन लिएर बाहिर निस्क्यो ।

उसको कुराले म झनझन अधैर्य हुँदै गए । पहिलेदेखिकै मेरा मनका प्रश्नले झन् तिखारिएर घोच्न थाले। मन एकैछिनमा घर, माइती सबैतिर पुग्यो, तर कसैमाथि पनि शंका गर्ने आधार भेटिएन । लोग्ने परदेश, घरमा वृद्ध ससुरा र सासूमात्रै, कसलाई के आधारमा शंका गर्नू र ? सोचाइ बेसरी छचल्किन्थे, तर फेरि शून्यमै आइपुग्थे। अस्पतालमा एक्लोपनले मलाई भित्रभित्रै खाइरहेको थियो । त्यसमाथि पनि बेला बेलामा मेरो बिहे हुने ताकाका अमिला सम्झनासँगै अथाह पीडा पनि उर्लिएर आउथे । आजभन्दा ३ महिना अगाडि मात्र मेरा विवाह भएको थियो। बाबुआमा अमेरिकाको ग्रीनकार्ड भएको केटोसँग छोरीको विवाह गर्न पाएकोमा ठूलो सन्तोष थियो र उनीहरु मेरो सुखद भविष्यप्रति पूर्णरुपमा आश्चस्त थिए। विवाहमा आफ्नो भए भरको नगद मात्र होइन, खेतै समेत बन्दकी राखेका थिए। ती दिनमा पक्षघातले थलिएका बुबा र सहाराविहीन आमाको चिन्ताग्रस्त अवस्था सम्झेर मन फेरि चसक्क भयो।

असिम वात्सल्यमा पुल पुल्पुल्यार हुर्काएकी छोरीलाई सधैंको लागि पराई घरमा पठाउने कुराले उनीहरु विक्षिप्त थिए । तर जे भए पनि समय किन रोकिन्थ्यो र ? आखिर हेर्दाहेर्दै विवाहको दिन पनि आयो र मलाई दुलहीको रुपमा घरबाट अन्माउने बेला भयो । त्यतिबेलाको पन्चे बाजाको वियोगान्त धुनमा आमा, बुबा, भाइ र साथीसंगीहरुका भावुक अनुहार र टिलपिलाएका आँखाले मलाई कम्ती विचलित पारेका थिएनन्। त्यतिबेला म स्नातकोत्तर तहको परीक्षा भर्खरै सकेर बसेकी थिएँ । अन्य पूर्णवयस्क आम युवतीहरुमा जस्तो स्वभाविक चन्चलता र कल्पनाशीलता र श्रृंगारप्रतिको मोह ममा पनि थियो । यौवनको यस मुकामसम्म आइपुग्दा मलाई पनि केटा र केटीबीच मनपर्ने र पराउने कुरा स्वभाविक नै लाग्थे। तर मेरो नाजुक आर्थिक अवस्थाले ममा भने ती सोच पलाउने अवसर नै पाएनन्। त्यसैले मेरो कसैप्रति पनि कुनै अनुराग पनि थिएन र म परिवारले रोजेको केटासँग एक पटक भेटेर कुरासम्म पनि नगरी विवाह गर्न राजी भएकी थिएँ।

समय आफ्नै गतिमा बग्दै गयो, हेर्दाहेर्दै विवाह सम्पन्न भयो । सुहागरातको दिन विभिन्न कामकाज तथा औपचारिकताले गर्दा ज्यादै थाकिसकेको थिए। तै पनि विवाहको पहिलो रातका रंगीन कल्पना, कौतुहलता र उमंगहरुले मन चन्चल भइरहेको थियो । हेर्दा हेर्दैरात आफ्नै हिसाबले पूर्णवयस्क भइसकेको थियो, छिट्टै यौवनका लाज, सरम र रहस्य दाम्पत्यका माधुर्यमा विलिन हुनेवाला थिए। केही डर त अवश्य पनि थियो, तर त्यसलाई रोमान्चक कल्पनाले जितेको थियो । म उसको व्यग्र भएर प्रतीक्षामा थिए । तर रात धैरै बितिसक्दा पनि नआएकाले भने मन अत्यासिन लागेको थियो। त्यस्तै आधा राततिर एकदमै ठूलो आवाजका साथ मेरो ढोका खुल्यो। म झसंग भएँ, ऊ राम्रोसँग खुट्टा समेत टेक्न नसक्ने गरी मदिराले लठ्ठ थियो। म अचम्ममा परें । ढोका खोल्नासाथ ऊ धर्मराउँदै मेरो ओछ्यानमा पुगेर कुहिना टेकेर बस्यो र अर्ध बेहोसी हालत मै भन्न थाल्यो, 'ओई मेरी श्रीमती जी ! आज त हाम्रो सुहागरात होइन.....?'

चुपचाप रहें । 'कम अन बि प्राक्टिकल' फेरि भन्यो, 'उसको अवस्था, प्रस्तुति र व्यवहारले म विस्मित हुँदै थिएँ। तर म अझै पनि म प्रतिक्रयाहीन थिएँ । 'तिमी त यतिबेला अर्कै ड्रेसमा हुनु पर्ने होइन र ?.. बट यु आर ईन स्टिल सारी..।' त्यतिबेला उसको बोली र व्यवहार अत्यन्त निकृष्ट थिए कि ऊ सुहागरातका रुमानी कल्पनामा पतिको प्रतिक्षामा रहेकी नव दुलहीदँग होइन, यौन तृप्तिको लागि कुनै वेश्यालयमा छ । एकै क्षणमा मेरो मनबाट सारा मधुर भावना गायब भइसकेका थिए र म त्यो कठ्यांग्रिदो रातजस्तै ठण्डा भइसकेकी थिएँ । तर उसले मलाई बाजले चल्ला झम्टे जसरी झम्टी रह्यो, म सहदै गएँ, लुछ्दै गयो र म लुछिइँदै गएँ।

यसरी म सुहागरात मै अत्यन्त क्रूर र संवेदनाहीन ढंगले बलात्कृत भएँ । त्यो रात मेरो हालसम्मको जीवन कै त्रासदीपूर्ण रात रह्यो। त्यसपछि ऊ मदिराको नशाले एकैछिनमा निदायो, तर म बलात्कृत मानसिकताले विक्षिप्त भएँ । तर पनि नशामुक्त भएपछि ऊ फेरिएला कि भन्ने आशाको त्यान्द्रोमा झुन्डिरहे । भोलिको उज्यालो बिहानीले एउटा नयाँ आशा र विश्वास जगाउने छ र उसले आफ्नो गल्ती महसुस गर्दै मलाई सम्झाउने छ, फकाउनेछ र जीवनले नयाँ गति पाउने छ भन्ने सोचमै रात बित्यो ।

भोलिपल्ट बिहान उठेर नित्यकर्म सकेपछि ऊ पलङ अगाडिको कुर्सीमा बस्यो, मलाई गहिरोसँग हेऱ्यो र लामो सास तानेर बिना कुनै औपचारिकता मलाई सोध्यो 'हिजोको सुहागरात कस्तो लाग्यो....?' म केही बोलिनँ, बरु उसमा मेरो अपेक्षा अनुसार कुनै परिवर्तन आउला कि नआउला भनेर जिज्ञासु बनेर बसें । उसले केहीबेर पछि फेरि भन्यो, 'हेर म अहिले छुट्टीमा आएको थिएँ । बुबा आमाको जिद्दीले यो बिहेको लागि बाध्य भएँ। एउटा फोटो हेरेको भरमा विवाह....! त्यै भएर मलाई विवाहमा नै विश्वास लाग्दैन ।' पहिलो दिनमै उसको विवाहप्रतिको अनास्था र मप्रतिको चरम उपेक्षा देखेर साह्रै मन कुडियो । तर पनि चुपचाप सुनिरहें। उसले लामो सुस्केरा हाल्यो र पाकेटबाट चुरोट झिकेर सल्काउँदै फेरि भन्यो, 'मैले यो विवाह उनीहरुको लागि गरेको हुँ, अब तिमीले उनीहरुको सेवा गर्नुपर्छ.. म यसो एक दुई वर्षमा आउजाउ गरिरहन्छु.. तर तिमीलाई कुनै कुराको दुःख हुने छैन ..।' त्यसभन्दा बढी मलाई मेरो धैर्यताले साथ दिएन, तर पनि मैले शान्त भएर सोधें, 'के यो काम कुनै हाउसमेडबाट हुन सक्दैनथ्यो ?'

मेरो प्रश्नले उसलाई कालोनिलो बनायो र बिस्तारै बोल्यो, 'हुन त सक्थ्यो ! .... तर उनीहरुलाई बुहारी नै चाहिएको थियो !' मैले शब्दमा जोड दिँदै सोधें, 'त्यसो भए यो विवाह के जीवनका सुख, महिमा र गरिमाको लागि थिएन ? केबल एउटा निःशुल्क घरायसी नोकर ल्याउने प्रपन्च मात्र थियो ?' त्यसपछि ऊ नाजवाफ भयो र चुरोटको अर्को लामो सर्को तान्यो र बिस्तारै भन्यो, 'अझै मेरो १० दिनको छुट्टी बाँकी नै छ, कुरा गर्दै गरौंला ..' त्यसपछि ऊ बाहिर निस्क्यो । त्यसपछि मलाई लाग्यो, अब न मैले उसबाट सुन्नुपर्ने केही बाँकी थियो, न मैले केही भन्नुको औचित्य रहन्थ्यो । वैवाहिक जीवनको संघार मै मलाई यात्राको जटिलताको अनुभूति भइसकेको थियो । विवाह अगाडि केबल एकपटक मात्र मैले ऊ सँग कुरा गरेको भए पनि यो अवस्था आउने थिएन कि भन्ने सोचेर ग्लानी महसुस भयो। त्यसपछिका दिनहरु निकै निरस र सकसपूर्ण रहे । बाँकी दश दिन विदेश जाने तयारीको बहानामा ऊ बिहानै निस्किन्थ्यो र साँझमा निकै ढिलोगरी मदिराले लठ्ठिदै घर आइपुग्थ्यो ।

यसबीचमा हाम्रो केवल औपचारिक मात्र कुरा हुन्थ्यो । त्यसैले हामीबीच न माया पलाउन पायो, न भावनात्मक सामीप्यता नै बढ्यो । बरु म हरेक रात उसले चाहे जसरी बलात्कृत भइरहें। यसरी हाम्रो दाम्पत्य जीवन सुरु नहुँदै त्यसका भावनात्मक आधार भत्किँदै थिए । म छोटो समयमै शारीरिक र मानसिक रुपले ज्यादै कमजोर भइसकेको थिएँ । तर चुपचाप मर्नु र बाँच्नुको दोसाधबाट म आफ्नै जीवनको तमासा हेर्दै थिएँ। कतिखेर त आत्महत्या गरौं जस्तो पनि लाग्थ्यो। तर फेरि पक्षघातले ओछ्यान परेका बाबु र अनेकौं हण्डर खाएकी आमाको मायाले म रोकिन्थें । म सोच्थें, कि आफ्ना सारा इच्छा, चाहना र कल्पना सबै कुल्चिएर कहिल्यै नभेटेको, नदेखेको र नचिनेको मान्छेको पाउमा आफ्नो सारा जीवन भेटी चढाउनु पर्ने नियतिले कहिलेसम्म अभिशप्त भइरहने ? म आफ्नो जिन्दगी सम्झेर व्याकुल थिएँ ! गलत सामाजिक मान्यताले एउटी निर्दोष नारीको जीवनमा कसरी आगो लाग्दो रहेछ? भन्ने कुराले मर्माहत पनि । एक मन त लाग्थ्यो कि उसको तिलहरी आफ्नो गलाबाट लुछेर उसको मुखमा हानेर बाटो लागौं । तर फेरि पनि बाबु आमामाथि पर्नसक्ने मानसिक आघातको कल्पनाले त्यसो पनि गर्न सक्दैनथें!

ऊ अमेरिका फर्कने बेला भयो । तर हिँड्ने बेलामा बेश्यालयबाट निस्किँदा जत्तिको संवेदना पनि देखाएन उसले। न सँगै रहँदाको प्रेम, न छुट्टिनु पर्दाको विरह ! कुनैपनि भावना केही थिएन उसमा । तर म भने लाचारी र किंकर्तव्यमुढ थिए । त्यति नै बेला आमाको फोन आएको थियो र भन्नुभएको थियो, 'आज ज्वाइँ साहब जाने हो क्यारे, तिमीलाई पनि नरमाइलो त लागेको होला! तर धेरै पीर नदिनू है, जाने बेलामा हाँसेर बिदा गर्नू ...।' आमाको कल्पना र मेरो कारुणिक यथार्थको द्वन्द्वमा मुटु फुट्लाजस्तो भएको थियो, तर आमालाई 'हुन्छ...' मात्र भनेर फोन राखिदिएँ। त्यसपछि ऊ बाटो लागेको थियो, तर म चुपचाप नियतिलाई स्वीकार्न बाध्य भएको थिएँ।

यसैबीच ड्रेसिङ गर्न नर्सहरुको समूह आए, पहिलोपटक आफ्नो शरीरमा लागेका धेरै गहिरा घाउ देखेर म निकै आत्तिएँ। त्यही भएर होला उनीहरुले मलाई घाउ राम्रोसँग हेर्न दिएनन्। 'उनीहरु भन्दै थिए घाउ त निकै ओभानो भएछ, अब छिट्टै ठिक हुन्छ ।' त्यो कुराले खासै खुसी दिएन। खाली मलाई मार्न चाहने को होला ? भन्ने चिन्ताले सताइ नै रह्यो । एकमन लाग्यो, त्यो षडयन्त्र कतै मेरो लोग्नेले कै थिएन ? निकैबेर यसैमा दिमाग घुमिरह्यो । अस्पतालमा एक्लै हुन्थें। मनमा विभिन्न तर्कनाहरु चलिरहन्थे । यसै क्रममा गाउँको शिक्षक विशाल सरलाई पनि सम्झिएँ ।

कति सरल, सहयोगी र मृदुभाषी हुनुहुन्थ्यो। सबैतिरबाट उपेक्षित र तिरस्कृत महसुस भएको बेलामा कसैको निस्वार्थ बोली र हाँसो सुन्न र देख्न पाउँदा पनि धेरै हलुका भएको महसुस हुँदोरहेछ । उहाँको व्यवहार मप्रति त्यस्तै थियो। कहिलेकाहीँ हाम्रो घरमा पनि आउनु हुन्थ्यो। यसै सिलसिलामा कयौंपटक मैले उहाँसँग भेटेर बेला बेलामा टेलिफोनमा पनि कुरा हुन्थे । उहाँलाई विशाल सर नै भनेर बोलाउँथें । कहिलेकाहीँ भावना पनि बहकिँदा रहेछन् । कहिलेकाहीँ उहाँलाई मैले गर्ने गरेको त्यो सम्बोधनसँग मेरो भावनाहरु नमिलेको हो कि जस्तो पनि लाग्थ्यो मलाई। मेरा भावना अस्पष्ट भएजस्तो लाग्थ्यो । उहाँलाई देख्न नपाउँदा खल्लो लाग्ने र देख्दा मन प्रफुल्ल हुने मरो मनोभावले हामीबीचको औपचारिकतालाई नाघ्न खोजेको हो कि जस्तो पनि लाग्थ्यो। तर उहाँको मप्रतिको भावनामा चाहिँ के थियो भन्ने कुरामा बेखबर थिएँ। तर भावना जसरी छचल्किए पनि मैले उहाँसँग विशेष सम्बन्धको कल्पना गरेको भने थिइनँ । यसैबीच डाक्टरहरु पुनः मलाई जाँच्न आउनु भएको रहेछ, उहाँले एक दुई दिनपछि घरैमा गएर आराम गर्न सकिने बताउनुभयो। घर भन्नासाथ मैले लोग्नेको क्रूर, उही अनुहार र मेरा प्रत्येक कुरामा निगरानी गर्ने एकदमै परम्मपरागत सोच र शंकालु स्वभावको ससुरालाई पनि सम्झें, मनै जिङरिङ्ग भएर आयो।

एकाएक ससुराले भनेका एक एक कुरा सम्झें। एकदिन घरमा सोधेरै म कलेजका साथीहरुसँग टिसर्ट र पाइन्ट लगाएर पिकनिकमा गएकी थिएँ। फर्किंदा घरको आँगनमा ससुरा भेटिनुभयो । उहाँले मलाई तलदेखि माथिसम्म हेरेर आँखा तर्दै भन्नु भयो, 'कहाँ गएर आएकी बुहारी यतिबेला ? के कपडा लगाएर हिँडेको यस्तो ? होइन बिहे गरेका केटीहरु पनि कत्ति उत्ताउला भएका आजभोलि !' उहाँका कुराहरुले मलाई कसैले जोडले गालामा थप्पड हानेकोजस्तो महसुस भयो।

अर्को एकदिन उहाँले मुटु छेड्ने गरी भनेको अर्को कुरा पनि सम्झें, 'हेर नानी बुहारीको जातले छाडा भएको सुहाउँदैन । लोग्नेहरु परदेशमा, यता श्रीमतीहरु नानाथरिका उरन्ठेउलाहरु मस्कीमस्की कुरा गर्छन् ! रातभरि पनि फोनमा गिल्लि रहन्छन्। विवाहित नारीको आफ्नो मर्यादामा नरहने हो भने ऊ र बजार की वेश्यामा के फरक हुन्छ र ? बेलैमा याद गर है ....!' उनका कुण्ठित कर्णभेदी ती निकृष्ट शब्द यसरी बिझे कि, मैले सुन्नै सकिनँ र म दौडेर कोठामा गएर रुन थालें। कोठामा म रोएको सुनेर सासू आएर मलाई सम्झाउँदै भन्नु भएको अहिले पनि सम्झना आउँछ। 'कठै के भनेका होला नि पापी बुढाले, यति असल बुहारीलाई । बेलैमा आफ्नो छोरो तह लगाउन नसकेर सात गाउँ हँसाइ सक्यो । त्यस्तासँग पनि घर गरेर खाउँला भनेर बसेकी बुहारीलाई माया गर्नु त कता हो कता उल्टै.... नरोउ नानी यिनका बाउ छोरालाई म जानेको छु.....।'

उनका शब्दमा भावना थिए कि थिएनन् त बुझ्न सकिनँ, तर तिनमा मप्रति मनग्य सहानुभूति देखिन्थ्यो । तर म आफूले धान्नै नसक्ने यो सम्बन्धको बोझलाई कहिलेसम्म बोकिरहनु पर्ने हो? भन्ने सोचेर विचलित हुन्थें । आजको ड्रेसिङ

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिद्वन्द्वीहरुलाई सजिलै हराउन सकिनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
गलत व्यक्तिको विश्वास गर्दा काम रोकिन सक्छ । फजुल खर्च बढ्नेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
परिस्थितिवश चिताएको काममा बाधा पुग्न सक्छ । अरुका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ । तत्काल योजना पूरा नहुन सक्छ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
वादविवादमा अघि नसर्नुहोला। पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । केही जिम्मेवारी भने प्राप्त हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
समयमै गम्भीर नबन्दा समस्यामा परिएला । आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आश्वासन बाँड्नेहरुले झुक्याउन सक्छन् । पहिलेका सम्झौता तोड्नुपर्ने हुन सक्छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अवसर आए पनि काममा पछि परिनेछ । आश्वासन दिनेहरुले झुक्याउन सक्छन् ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सुखदुःखमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले उत्साह जगाउनेछ ।

# प्रविधिमैत्री सुन्तला बगैंचा व्यवस्थापन अभियानले कृषकमा आशा

**हरि बास्तोला/गण्डकी**

सिक्टस ग्रिनीङलगायतका भाइरस एवं रोगका कारण सुन्तला खेती संकटग्रस्त बन्दै गएका अवस्थामा पोखरा महानगरपालिकामा सञ्चालित मेयर प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियानले कृषकमा आशा जगाएको छ । एक दशकको अन्तरालमा नै जिल्लाका सुन्तला पकेट क्षेत्र खण्डहर बन्दै गएपछि चिन्तित बनेका कृषक महानगरले सञ्चालन गरेको अभियानसँगै राज्यको चासो बढेको भन्दै यतिखेर उत्साहित बनेका छन्। किसानलाई प्रोत्साहन गर्दै सुन्तला क्षेत्रको विस्तार गर्ने लक्ष्यसाथ तीन वर्षयता सञ्चालित अभियानअन्तर्गत रू ४५ लाख अनुदान हस्तान्तरण गरिएको छ । आव २०७८/०७९ का लागि रू २० लाख बजेट विनियोजन गरिएको महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार मलखाद प्रयोग गरेका पाँच वर्षमाथिका बिरूवाको प्रतिबिरूवा रू ३०, बोडो पेस्ट लगायतका बिरूवाको रू ३०, बोडो मिक्स्चर स्प्रे गरेका बिरूवालाई रू २० र छापो प्रयोग गरेका बिरूवालाई रू २० का दरले प्रोत्साहनस्वरूप अनुदान रकम उपलब्ध गराइएको हो । घोषित पकेट क्षेत्रका २०४ बगैँचाका २० हजार बिरूवाले उत्पादन दिइरहेको छ। "सुन्तला पकेट क्षेत्रको रूपमा रहेका महानगरपालिका वडा नं २१ र २२ मा अभियान सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "चालू आर्थिक वर्षमा २०४ कृषकलाई सुन्तलाको बोटको आधारमा रू १५ लाख अनुदान प्रदान गरिएको हो ।" प्राविधिकसहितको टोलीले प्रत्येक कृषकको सुन्तला बगैँचामा पुगेर गरिएको अनुगमनको आधारमा अनुदान उपलब्ध गराइएको हो । कडरियाले भन्नुभयो, "रोगले बिरूवा मर्न लागेपछि बगैँचा सुधारका लागि महानगरले सञ्चालन गरेको कार्यक्रमअन्तर्गत चालू आवमा २० हजार सुन्तलालगायत कागती र जुनारका नयाँ बिरूवासमेत रोपिएको छ ।"



सुन्तलाका बिरूवा बाहिरी जिल्लाबाट ल्याउँदा रोगको प्रकोप बढ्ने खतरालाई मध्यनजर गर्दै महाशाखाले पोखरा–२२ स्थित खाल्सेमा सुन्तला नर्सरीसमेत स्थापना गरेको छ । प्रतिबिरूवाको रू २० तोकिएको छ । बाँकी रकम महाशाखाले अनुदान दिँदै आएको छ। पाँच वर्षभन्दा माथिका प्रतिसुन्तलाका बोटलाई महाशाखाले रू १०० अनुदान दिँदै आएको छ, जसमा पाँच हजार अनुदान प्राप्त गर्ने कृषकबाट रू ४०० र त्योभन्दा माथिको हकमा रू ८०० कट्टा गरी उक्त रकमबाट सुन्तलाका नयाँ बिरूवा रोप्न कृषकलाई प्रेरित गर्दै आएको छ। पुरानो सुन्तलाको बगैँचालाई व्यवस्थित गरी अधिकतम उत्पादन गर्नेतर्फ लाग्नुका साथै नयाँ स्थानमा बगैँचा निर्माण गर्न महाशाखाले जोड दिँदै आएको छ। रोगको कारण मरेका सुन्तलाको बगैँचामा कागती र जुनारजस्ता अम्लिय जातका बिरूवा लगाउन कृषकलाई अभियानले जोड दिएको हो ।

**कृषकको बगैँचामा पुगेर अनुदान वितरण**

महानगरपालिका कृषि महाशाखाले कार्यक्रम अन्तर्गतको चालू आवको अनुदान रकम हस्तान्तरण गरेको छ । पोखरा–२१ फेदीपाटनस्थित कृषकको बगैँचामा पुगेर चालू आवको अनुदान रकम हस्तान्तरण गरिएको हो । गण्डकी प्रदेश कृषि निर्देशनालयका निर्देशक वासु रेग्मीले कृषकलाई अनुदान रकम वितरण गर्दै सुन्तलाको शत्रुको रूपमा फैलिएको सिक्टस ग्रिनीङजस्तो भाइरसबाट बोट बचाउनका लागि बोडोपेस्ट र बोडो मिक्स्चर स्प्रे रामवाणको रूपमा रहेको बताउनुभयो । सुन्तला बगैँचाको राम्रो व्यवस्थापनसँगै आवश्यक कीटनाशक औषधि मापदण्डअनुसार प्रयोग गर्ने हो भने ५० प्रतिशत उक्त रोग लागेका बोटलाई थप पाँच वर्षसम्म बचाएर उत्पादनसमेत लिन सकिने बताउँदै उहाँले बाहिरबाट खरिद गरेर ल्याएको बिरूवामा रोगको संक्रमण फैलिन सक्ने हुँदा कलमीतर्फ ध्यान दिन कृषकलाई सुझाव दिनुभयो ।

कार्यक्रममा सो क्षेत्रमा सबैभन्दा बढी अनुदान प्राप्त गर्ने कृषक प्रकाश पौडेलले रोगसहित असिना, जंगली जनावरलगायतबाट कृषकले ठूलो क्षति व्यहोर्दै आएको बताउँदै स्थानीय तहबाट उत्पादित सुन्तलाको मूल्य निर्धारण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । चार दशकअघि आफ्नो बुबाले शुरू गर्नुभएको व्यावसायिक सुन्तलाखेतीबाट अहिलेसम्म जीविकोपार्जन हुँदै आएको बताउँदै उहाँले लगभग ४० रोपनी जग्गामा ६०० भन्दा बढी बोटले उत्पादन दिँदै आएको जानकारी दिनुभयो । सुन्तला बिक्रीबाट समय राम्रो हुँदा रू आठ लाखसम्म आम्दानी गर्नुभएका उहाँले अघिल्लो वर्ष बारम्बार परेको असिनाको कारण रू एक लाखमा चित्त बुझाउनुपरेको रासससँग दुखेसो सुनाउनुभयो । उहाँले सुन्तला बगैँचा व्यवस्थापन एवं सुदृढ गरेबापत यस वर्ष रू ६० हजार २०० नगद प्राप्त गर्नुभएको थियो । कुनै बेला कास्की पोखराको सुन्तला भनी चासो र चर्चा कमाएको यहाँको सुन्तला खेती पछिल्लो एक दशकयता सुस्ताउँदै आएको छ। सिक्टस ग्रिनीङ भाइरसको मारमा जिल्लाका भरतपोखरी, हंशपुरलगायतका स्थानमा सखापै भएको सुन्तला निर्मलपोखरीका दोपहरे, खरच्याङ, फेदीपाटन, मास्पाटन लगायतका स्थानमा भने अझै पनि फल्दै आएका छन् । रासस

**स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक मेडिकल अफिसर **डा. हेमन्त श्रेष्ठ**द्वारा बिरामीको स्वास्थ्य परीक्षण गरिन्छ । प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५

के तपाई अण्डा, चल्ला, दानाको खोजीमा हुनुहुन्छ भने

**अब हामीलाई सम्झनुहोस**

**प्रो. मान बहादुर श्रेष्ठ**



**दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स**

व्यास-४, बागबजार, दमौली, तनहुँ ।

फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२

# भारतमा महामारीको तेस्रो वेभको खतरा, आगामी १०० दिनमा बढी जोखिम

**रासस/सिन्ह्वा/नयाँ दिल्ली**

भारतको सरकारले नै कोभिड–१९ को महामारीको तेस्रो लहरको खतरा रहेको सरकारले जनाएको छ। भारतको सरकारले नै भारतमा महामारीको तेस्रो वेभ आउनसक्ने बताएको हो । सरकारले नागरिकलाई महामारीबाट बच्न आवश्यक सतर्कता अपनाउनुपर्नेमा जोड दिएको हो । भारत सरकारको स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्ने निकाय नेशनल इन्स्टिच्युट फर ट्रान्सफरमिङ इन्डियाका सदस्य भिके पाउलले सो चेतावानी दिनुभएको हो ।

उहाँले अहिलेको अवस्थामा थप सतर्कता अपनाउने र आवश्यक तयारी नगर्ने हो भने भारतमा तेस्रो वेभको खतरा रहेको छ र त्यो वेभ आगामी १०० देखि करिब १२५ दिनमा आउन सक्ने बताउनुभएको छ। उहाँले भन्नुभएको छ– हाम्रो जनसंख्या धेरै छ र यसका कारण यहाँको अवस्था निकै खतरा पनि हुनसक्छ र हामीले यस विषयमा आवश्यक सतर्कता अपनाउन सकेनौं भने यसले हामीलाई ठूलो क्षति दिन सक्ने छ । हालै विश्व स्वास्थ्य संगठनले कोभिड–१९ को विश्वको अवस्थाको मूल्याङ्कन गर्दै आगामी दिनमा पनि यो चुनौती रहेको बताएको थियो ।

विश्व स्वास्थ्य संगठनले पनि अहिले विश्वका कतिपय देशमा देखिएको यो महामारी विरूद्धको सतर्कताको अवस्था हेर्दा त्यो पर्याप्त नभएको र आवश्यक मात्रामा आगामी दिनमा थप सतर्कता अपनाउनुपर्ने बताएको थियो । यसअघि पनि भारतका अधिकारीले आगामी अगष्ट महिनाको अन्त्यतिरबाट यो भारतमा कोभिड–१९ को तेस्रो वेभ आउन सक्ने खतरा रहेको बताउँदै आएका थिए

# ग्रीन कार्ड भएको ........

पनि असाध्य पीडा भयो। केहीबेर पछि एक जना प्रहरी, डाक्टर र मेरो भाइ मेरो अगाडि उभिएका देखें । मैले केही भन्न नपाउँदै प्रहरीले मलाई नम्रतापूर्वक सोध्नुभयो, 'तपाईंको नाम कोपिला शर्मा हो ?' मैले हो भन्ने जवाफ सुनेपछि पुनः सोधे ।

'तपाईंमाथि भएको घटनाको बारेमा तपाईंलाई के थाहा छ ?' 'डाँकाले खुकुरीले काटेको भन्नेसम्म सुनेको छु । अरु मलाई केही थाहा छैन ।' त्यसपछि उहाँले भन्नुभयो, 'हेर्नुहोस् हामीले तपाईंमाथि भएको त्यो दुर्भाग्यपूर्ण घटनाका सम्बन्धमा विभिन्न कोणबाट अनुसन्धान गर्दा त्यो घटना डाँकाले नभई तपाईंकै ससुरा बोध प्रसाद शर्माले नै गरेको देखियो । उहाँको बयान अनुसार तपाईंले कसैसँग फोनमा कुरा गरेको सुनेपछि उहाँ आवेगमा आएर तपाईंलाई खुकुरीले प्रहार गर्नुभयो । मरे जस्तो लागेपछि छोडिदिनुभयो र पछि आफैंले डाँकाले काट्यो भनेर हल्ला गर्नुभयो। गाउँलेहरु जम्मा हुँदा पनि तपाईंलाई जीवितै रहनु भएकाले उनीहरूले नै तपाईंलाई अस्पताल पुर्‍याई दिएपछि तपाई बाँच्न सफल हुनुभयो । त्यसैले उहाँलाई हिरासतमा लिएर कानूनी कारबाही पनि अगाडि बढाइसकेका छौं। केही कागजातमा तपाईंको हस्ताक्षर आवश्यक भएकोले हामी आएका हौं ।'

उहाँको कुरा सुनेर केही समय त विश्वासै लागेन। पछि भाइले पनि मलाई आश्वास्त पार्यो र मैले सही छाप गरिदिएँ। उनीहरु गएपछि ससुराको पटक पटकका आक्रोश सम्झँदा उहाँले नै जघन्य अपराध गरेको होला जस्तो लाग्यो । तर मार्नुपर्ने गरी आफूले कुनै पनि गल्ती गरेजस्तो लागेन । धेरै गहिरिएपछि फेरि विशाल सर र मेरो फोनको कुराकानी सम्झें ।

उहाँलाई आफ्नो छोराले मप्रति गरेको चरम उत्पीडन र तिरस्कार नाजायज लागेन, तर मेरो निस्वार्थ बोलीचाली, हाँसो र लवाईखवाईलाई अपराध देख्नुभयो। उहाँको त्यही विभेदकारी एवं कलुषित मानसिकता, अहंकार आधारहीन शंका र कुण्ठाको सिकार भएँ म ! हुर्केकी छोरीलाई माइतीको कसिङ्गर ठान्ने, अनि ग्रीनकार्ड र पिआर देखेपछि जस्तो सुकै केटालाई पनि आँखा चिम्लेर छोरी जिम्मा लगाइदिने समाजको प्रवृत्तिप्रति घृणा लागेर आयो। समाजको दृष्टि नबदलिकन कुनै पनि सृष्टि बदलिन सक्दैन भन्ने कुरा अझै बुझ्न नसक्ने समाजिक रितिस्थितिप्रति आक्रोश जागेर आयो।

मेरोजस्तै पारिवारिक विश्वास, बाध्यता र परिबन्दमा परेर मर्न बाध्य भएका र दिनदिनै मर्दै बाँचेका अनगिन्ती कोपिलाहरुप्रति असिम श्रद्धा र करुणा जागेर आयो । त्यसपछि आफैंलाई हेरें, सोचें, आखिर के रहेछ जिन्दगी ? कुनै अमूर्त चित्र, नबुझिने कविता, बाँसुरीको वियोगान्त धुन ! खोई कस्तो हो कस्तो यो जिन्दगी ! खोलाको रित्तो बगर हो कि टुक्रा टुक्रा भएर छताछुल्ला भएको बादलको अंश हो ! बिर्सिन चाहेका रात पो हुन कि आँधिबेहरी पछिको सन्नाटा हो जिन्दगी ! भावनाहरु अझै आकासिँदै थिए तर त्यसपछि धेरै अर्थ पनि खोजि रहन मन लागेन मलाई ग्रीन कार्डले अभिशप्त मेरो जिन्दगीको !

*सेतोपाटीबाट*



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**पहिरोले पुर्‍याएको क्षति अनुगमन :** तनहुँको बन्दिपुर गाउँपालिका-४ लोहीमा पहिरोले क्षतिग्रस्त बनाएको घरको अनुगमन गर्दै गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा । अविरल झरीसंगै आएको बाढीपहिरोले गाउँपालिका ठूलो क्षति पुर्‍याएको छ । *तस्बिर : भञ्ज्याङ*

# तनहुँमा खोप अभियान : २१ घण्टा .....



तनहुँको ग्रामीण क्षेत्रमा खोप लग्दै गरेका एक स्वास्थ्यकर्मी । *तस्बिर : भञ्ज्याङ*

रूपमा कार्यरत मल्ल कार्यालयको कामसंगै आवश्यक समयमा बालबालिका, गर्भवती महिलाहरूलाई लगाउने खोप गाउँगाउँमा पुर्‍याउने गर्छन् । अहिले गाउँपालिकाका वडाक्षेत्रमा खोप पुर्‍याउन मल्ल व्यस्त छन् । अविरल झरीसंगै आएको बाढीपहिरोका कारण अधिकांश ग्रामीण क्षेत्रका सडकखण्डहरू अवरूद्ध छन् । जसका कारण सवारी साधन मात्र नभई कति ठाउँमा मानिसलाई पैदल यात्रा गर्न समेत मुस्किल छ । ठाउँठाउँमा सडक पहिरोले पुरिएर सवारी साधन चल्न नसक्ने अवस्था भएको छ । यो जटिल अवस्थामा कोरोना बिरूद्धको खोप गाउँगाउँमा पुर्‍याउन मल्ल दिनरात नभनि खटिएका छन् । पहिरोका कारण यातायातका साधान नचलेपछि मल्लले कोल्डबक्समा कोरोना विरूद्धको खोप पिठियुमा बोकेर गाउँगाउँका स्वास्थ्य चौकीहरूमा पुर्‍याएका छन्। सदरमुकाम दमौली आएर पुनः गाउँ फर्कदा करिव २१ घण्टा पैदल यात्र गरी गाउँमा खोप पुर्‍याएको उनले सुनाए ।

'पैदलै बैदीबाट दमौली बजार पुगेर खोप बोकी पुनः गाउँ फर्किएको छु', उनले भने, 'बैदीबाट दमौली पुग्न १० घण्टा लाग्यो, पुनः दमौलीबाट खोप बोकेर बैदी आइपुग्न मलाई ११ घण्टा लाग्यो। पहिरो माथीमाथी कोल्डबक्स लिएर हिड्न गाह्रो हुँदो रहेछ ।'

'गाउँका स्वास्थ्य चौकीमा फ्रिज छैन त्यसैले चैतदेखि यता तीन पटक दमौली पुगेर गाउँमा खोप ल्याएको छु', उनले भने, 'सडक अवरूद्ध नहुँदा मास्दीसम्म गाडी चल्थ्यो । सवारी साधान चल्दा ३ घण्टा हिड्नुपर्ने बाटो पहिरोले गर्दा ११ घण्टा हिड्नुपर्ने बाँध्यता छ । हामी ग्रामीण क्षेत्रका बासिन्दाको समस्या कस्ले देख्छ र ?' पैदल हिडेर नै कार्यलय सहयोगी मल्लले बैदीमा २१० र छिपछिपेमा १७६ मात्रा खोप पुर्‍याएका छन । उनले भने, 'यो विषम् परिस्थितिमा जोकोहीले पनि सहयोग गर्नुपर्छ । अझ स्वास्थ्य क्षेत्रमा खटिएका कर्मचारीले जस्तोसुकै परिस्थितिमा पनि काम गर्नुपर्दो रहेछ।'

तनहुँका दशवटै पालिकामा कोरोना विरूद्धको खोप अभियान सञ्चालन भैरहको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताए । उनले भने, 'जिल्लाका अधिकांश ग्रामीण क्षेत्रमा जाने सडक पहिरोका कारण अवरूद्ध भएकाले समयमै खोप पुर्‍याउन समस्य आएको छ, यातायातका साधान सहज रूपमा नचलेपनि स्वास्थ्यकर्मीहरूले बोकेरै स्वास्थ्य चौकीसम्म खोप पुर्‍याउनुभएको छ।'

# नेपाल महिला संघ बन्दिपुर गाउँ कार्यसमितिको प्रशिक्षण

**भञ्ज्याङ समाचारदाता/**डुम्रे




नेपाली कांग्रेसको १४औं महाधिवेशनलाई लक्षित गर्दै नेपाल महिला संघ बन्दिपुर गाउँ कार्यसमितिको प्रशिक्षण कार्यक्रम गरिएको छ । प्रशिक्षण कार्यक्रममा नेपाली काँग्रेस तनहुँका सभापति एवं ब्यास नपाका प्रमुख बैकुण्ठ नैपानेले पार्टीमा महिलाहरूको भूमिका महत्वपूर्ण रहेकाले महिलाहरू अग्रसर हुनु पर्नेमा जोड दिए । कांग्रेसको आगामी १४औं अधिवेशनमा विवाद रहित ढँगले निर्वाचनमा भाग लिन कार्यकर्तालाई आग्रह गर्दै सामाजिक क्षेत्रमा महिलाहरूको भूमिका महत्वपूर्ण र जिम्मेवारीपूर्ण हुने हुँदा नेतृत्व तहमा पनि महिलाहरू अग्रसर हुनुपर्ने बताए।

काँग्रेस जिल्ला सचिब विश्व बास्तोलाले १४औं महाधिवेशनमा महिलाहरूको भूमिका, अवसर र चुनौती बारे प्रशिक्षण दिएको जिल्ला कोषाध्यक्ष रेशम गुरूङले जानकारी गराए । नेपाल महिला संघ बन्दिपुर गाउँ कार्यसमितिकी उप-सभापति रिता तिवारीको सभापतित्वमा आयोजित कार्यक्रममा काँग्रेस महाधिवेशन प्रतिनिधि एवं गण्डकी प्रदेशकी सांसद सरिता गुरूङ, महिला संघ तनहुँकी सभापति पवित्रा पौडेल, म्याग्दे गाउँपालिकाकी अध्यक्ष मायादेवी राना, ब्यास नगरपालिका उप-प्रमुख मिरा जोशी, आँबुखैरेनी गाउँपालिकाकी उपाध्यक्ष पुष्पादेवी श्रेष्ठ, काँग्रेस जिल्ला सह-सचिव केशबहादुर सुनार, महाधिवेशन प्रतिनिधि रामचन्द्र अधिकारी, आनन्दराज त्रिपाठी, काँग्रेस बन्दिपुरका सभापति कर्ण खत्री लगायतले १४औं महाधिवेशनमा महिलाहरूको भूमिका, अवसर र चुनौती विषयमा आ-आफ्ना विचार व्यक्त गरेका थिए । नेपाल शिक्षक संघकी सह-सचिब शान्ता बास्तोलाले गीत मार्फत सबै महिलाहरू एकजुट हुन आग्रह गरेकी थिइन् भने महिला नेतृ सरिता पियाले स्वागत नेपाल महिला संघ बन्दिपुरकी सचिब सीता थापाले सहजिकरण गरेकी थिइन् ।

facebook twitter



**श्रद्धा**
twitter.com/shraddhashrma12
हिजो "बलात्कार" भयो आज "लास" भेटियो भोलि "आन्दोलन" हुन्छ सोसिएल मिडियामा "भाइरल" हुन्छ छान्बिन नि हुन्छ टोलि पनि बन्छ तर "बलात्कारि" पत्ता लाग्दैन पर्सिबाट सबैले भुल्दै जान्छन अनि यसरी एउटा "छोरीको जीवन यसरी नै सकिन्छ"!



**ठकुरी मिरा**
twitter.com/thakurimira
माया र इज्जत उसलाई दिनुस् जसले हजुरलाई आफ्नो ठान्छ र हजुर को हरेक दुख, पीडा, सुखमा साथ दिन्छ बाकी अरू त दर्शक मात्र हो जसले रमिता मात्र हेर्छन !



**करूणा**
ttwitter.com/karunakcdotel12
जब कसैसँग गरेको संवाद सम्झदा मुहारमा मुस्कान ल्याउछ भने, हो त्यो मुस्कान सत्य हुन्छ, न सजावटी, न बनावटी हुन्छ र न देखावटी हुन्छ नितान्त प्रकृतिक हुन्छ ।



**विष्णु पोखरेल**
twitter.com/55Kthm
**रावणले मर्नुअघि रामलाई भनेका थिए :**
१. उमेरमा म तिमीभन्दा जेठो छु ।
२. ज्ञान र बलमा पनि म तिमी भन्दा अघि छु ।
३. जातमा पनि तिमी क्षेत्री म बाहुन ।
४. तिम्रो सुनको घर मेरो सुनको देश ।
५. तपस्या र क्षमता पनि मेरै बढी छ ।
६. देश पनि तिम्रो भन्दा मेरै ठूलो छ ।
७. सबै चिजमा तिमीभन्दा म अघि भएपनि म हारें । कारण तिम्रो भाई तिम्रो साथमा छ तर मेरो भाई दुश्मनको साथमा छ ।

# डिभिजन वन कार्यालयको ९१.५ प्रतिशत वित्तीय प्रगति

**भञ्ज्याङ समाचारदाता/**दमौली



डिभिजन वन कार्यालय तनहुँले आर्थिक वर्ष २०७७/०७८ मा ९१.५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । कार्यालयले पत्रकार सम्मेलन गरी संघ र प्रदेशबाट विनियोजित रकममध्ये ९१.५ प्रतिशत बजेट खर्च गरेको जनाएको छ । कार्यालयलाई पाँच करोड ३५ लाख रूपैयाँ बजेट विनियोजन भएकोमा यस अवधिमा ४ करोड १० लाख रूपैयाँ खर्च भएको कार्यालय प्रमुख कोमलराज काफ्लेले बताए । प्रदेशतर्फको तीन करोड २३ लाख रूपैयाँ विनियोजन भएकोमा २ करोड ९३ लाख रूपैयाँ खर्च भएको छ ।

यस्तै, संघीय सशर्ततर्फ ९२ लाख ५० हजार रूपैयाँ विनियोजन भएकामा ८६ लाख रूपैयाँ खर्च भएको छ भने प्रदेश सशर्ततर्फ १ करोड २० लाख रूपैयाँ विनियोजन भएकामा १ करोड ११ लाख रूपैयाँ खर्च भएको प्रमुख काफ्लेले बताए। भौतिकतर्फ भने कार्यालयले एक सय प्रतिशत प्रगति हासिल गरेको जनाएको छ ।

कार्यालयले एक वर्षको अवधिमा गरेका विभिन्न कामको विवरण सार्वजनिक गर्दै प्रमुख काफ्लेले सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम, जडिबुटी, विरूवा उत्पादन, फलफूल विरूवा खरिद तथा वितरण, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना, सामुदायिक वनमा वन सम्वर्द्धन कार्य लगायतका कार्यक्रम सम्पादन गरिएको जानकारी गराए ।

साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४